# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं जेठ २९ गते, २०६२ साल (अतिरिक्ताङ्क १९

## भाग २

### श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६२ सालको अध्यादेश नं. ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली बिराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना प्रविधि प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावनाः सूचना प्रविधि सम्बन्धी विषयमा नेपाल अधिराज्यभित्र उच्च तहमा अध्ययन, अध्यापन तथा अनुसन्धान गरी दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारणलाई सूचना प्रविधि सम्बन्धी विषयमा गुणात्मक र स्तरयुक्त उच्च शिक्षाको अवसर उपलब्ध गराउनको लागि सूचना प्रविधि प्रतिष्ठानको स्थापना र सञ्चालन सम्बन्धमा तत्काल व्यवस्था गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "सूचना प्रविधि प्रतिष्ठान अध्यादेश,२०६२" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "प्रतिष्ठान" भन्नाले यस अध्यादेश बमोजिम स्थापना भएको सूचना प्रविधि प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग सम्झनु पर्छ ।

(ग) "संस्थापक" भन्नाले प्रतिष्ठान स्थापना गर्न निवेदन दिने व्यक्ति सम्झनु पर्छ र सो शब्दले श्री ५ को सरकारले प्रतिष्ठान स्थापना गरेकोमा श्री ५ को सरकार समेतलाई जनाउँनेछ ।

(घ) "सभा" भन्नाले दफा १० बमोजिम गठन भएको प्रतिष्ठान सभा सम्झनु पर्छ ।

(ङ) "परिषद्" भन्नाले दफा १३ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(च) "कुलपति" भन्नाले दफा १७ बमोजिमको कुलपति सम्झनु पर्छ ।

(छ) "सहकुलपति" भन्नाले दफा १८ बमोजिमको सहकुलपति सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "उपकुलपति" भन्नाले दफा १९ बमोजिमको उपकुलपति सम्झनु पर्छ ।

(झ) "रजिष्ट्रार" भन्नाले दफा २१ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ ।

(ञ) "पदाधिकारी" भन्नाले कुलपति, सहकुलपति, उपकुलपति, रजिष्ट्रार, डीन वा अन्य पदाधिकारी सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

परिच्छेद-२

प्रतिष्ठानको स्वीकृति तथा स्थापना

३. स्वीकृतिको लागि निवेदन दिनु पर्नेः (१) कुनै व्यक्तिले यस अध्यादेश बमोजिम प्रतिष्ठान सञ्चालन गर्न चाहेमा प्रस्तावित प्रतिष्ठानको सम्बन्धमा देहायका कुराहरु खुलाई स्वीकृतिको लागि मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ :-

(क) प्रतिष्ठानको नाम,

(ख) प्रतिष्ठान रहने ठाउँ र जग्गाको क्षेत्रफल,

(ग) प्रतिष्ठानको प्राज्ञिक तथा व्यवस्थापकीय संरचना,

(घ) प्रतिष्ठान सञ्चालन गर्नको लागि आवश्यक पर्ने रकम र त्यसको स्रोत,

(ङ) प्रतिष्ठानमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने विषय,

(च) प्रतिष्ठानबाट प्रदान गरिने उपाधि,

(छ) मन्त्रालयले तोकेका अन्य कुराहरु ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी व्यक्तिले यस अध्यादेश बमोजिम प्रतिष्ठान सञ्चालन गर्न चाहेमा सो उपदफामा लेखिएका कुराको अतिरिक्त देहायका कुराहरु निवेदन साथ संलग्न गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) संगठित संस्थाले प्रतिष्ठान स्थापना गर्ने भएमा त्यस्तो संस्थाको वैधानिक स्थितिको सम्बन्धमा सम्बन्धित मुलुकको कूटनीतिक नियोगको सिफारिस,

(ख) प्रतिष्ठान सञ्चालन सम्बन्धी कार्य योजना,

(ग) मन्त्रालयले तोकेका अन्य कुराहरु ।

४. समझदारीपत्रमा हस्ताक्षर गर्नेः (१) दफा ३ बमोजिम निवेदन प्राप्त भएपछि मन्त्रालयले सो निवेदन जाँचबुझ गर्दा निवेदकलाई प्रतिष्ठान सञ्चालन गर्न स्वीकृति दिन हुने देखेमा श्री ५ को सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिई निर्धारित समयभित्र प्रतिष्ठान स्थापना गर्ने सम्बन्धमा निवेदकसँग समझदारीपत्रमा हस्ताक्षर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समझदारीपत्रमा हस्ताक्षर भएकोमा निवेदकले समझदारीपत्रमा उल्लिखित म्यादभित्र दफा ५ मा उल्लिखित पूर्वाधार पूरा गर्न आवश्यक काम गर्नु पर्नेछ ।

५. प्रतिष्ठान सञ्चालन गर्न चाहिने पूर्वाधारः (१) प्रतिष्ठान सञ्चालन गर्न चाहने व्यक्तिले देहायका पूर्वाधारहरु पूरा गरेको हुनु पर्नेछ :-

(क) कम्तिमा तीन हजार वर्गमीटर क्षेत्रमा कक्षा कोठा र पुस्तकालय सहितको भवन भएको,

(ख) कम्तिमा एक हजार वर्गमीटर क्षेत्र रहेको प्रशासकीय भवन भएको,

(ग) आवश्यकतानुसार खेलकुद मैदान, प्रयोगशाला कोठा तथा सेमिनार हल भएको,

(घ) विद्यार्थीको लागि आवश्यकतानुसार छात्रावासको व्यवस्था भएको,

(ङ) कम्तिमा दुईवटा विषयगत सङ्कायको व्यवस्था भएको,

(च) प्रतिष्ठानको नाममा कम्तिमा पाँच करोड रुपैयाँ चालू पूँजी भएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) प्रतिष्ठानको नाममा कम्तिमा पाँच वर्षको लागि दुई करोड रुपैयाँ बराबरको बैङ्क जमानत पेश भएको ।

तर बैङ्क जमानतको पाँच वर्षको अवधि समाप्त भएपछि पनि प्रतिष्ठानको दायित्व सम्पत्तिको अनुपातमा दश प्रतिशतभन्दा बढी हुने देखिएमा प्रतिष्ठानले बैङ्क जमानतको अवधि थप गर्नु पर्नेछ ।

(२) समझदारीपत्रमा हस्ताक्षर गर्ने निवेदकले उपदफा (१) मा उल्लिखित भौतिक पूर्वाधार पूरा हुने गरी कम्तिमा पाँच वर्षको लागि कुनै घर वा जग्गा वहाल वा लिजमा लिएको प्रमाण सहितको कागजात मन्त्रालयमा पेश गरेमा निजले सो उपदफाको खण्ड (क) देखि (घ) सम्मका भौतिक पूर्वाधारहरु पूरा गरेको मानिनेछ ।

६. <u>प्रतिष्ठानको स्वीकृति सम्बन्धी व्यवस्था</u>: (१) दफा ४ बमोजिम समझदारीपत्रमा हस्ताक्षर गर्ने निवेदकले समझदारीपत्रमा उल्लिखित म्यादभित्र दफा ५ बमोजिमको भौतिक पूर्वाधारहरु पूरा गरेको जानकारी मन्त्रालयलाई दिएमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई प्रतिष्ठान सञ्चालन गर्ने स्वीकृति दिन उपयुक्त हुने वा नहुने सम्बन्धमा सिफारिस गर्न प्राप्त निवेदन सहितको कागजात आयोगमा पठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन सहितको कागजात प्राप्त भएपछि आयोगले प्रस्तावित प्रतिष्ठानको सम्बन्धमा देहायको विषयमा जाँचबुझ तथा स्थलगत निरीक्षण गर्नेछ :-

(क) प्रतिष्ठान रहने ठाउँ ,

(ख) प्रतिष्ठानको जग्गा, भवन, पुस्तकालय, खेलकुद मैदान, उपकरण, भौतिक स्थिति लगायत दफा ५ बमोजिमका अन्य भौतिक पूर्वाधारहरु पूरा भए वा नभएको,

(ग) प्रतिष्ठानको शैक्षिक कार्य योजना,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) प्रतिष्ठानमा रहने शिक्षक तथा कर्मचारीको व्यवस्था,

(ङ) आयोगले आवश्यक सम्झेका अन्य कुराहरु ।

(३) उपदफा (२) बमोजिम गरेको जाँचबुझ तथा स्थलगत निरीक्षण सम्बन्धी प्रतिवेदन र निवेदन साथ प्राप्त कागजात जाँचबुझ गरी निवेदन दिने व्यक्तिलाई प्रतिष्ठान सञ्चालन गर्न स्वीकृति दिन हुने वा नहुने सम्बन्धमा आयोगले आफ्नो राय सहितको सिफारिस मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम आयोगबाट प्रतिष्ठान सञ्चालन गर्न सिफारिस भई आएमा त्यस्तो निवेदकलाई प्रतिष्ठान सञ्चालन गर्न श्री ५ को सरकारले स्वीकृति दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृति प्राप्त भएपछि निवेदकले श्री ५ को सरकारले तोके बमोजिमको दस्तुर मन्त्रालय समक्ष बुझाउनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम प्रतिष्ठान सञ्चालन गर्न श्री ५ को सरकारबाट स्वीकृत भएपछि प्रतिष्ठान स्थापना भएको मानिनेछ ।

७. श्री ५ को सरकारले प्रतिष्ठान सञ्चालन गर्न सक्ने: यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकार आफैले प्रतिष्ठान सञ्चालन गर्ने भएमा यस परिच्छेद बमोजिमको प्रकृया र पूर्वाधार पूरा गर्नु पर्ने छैन ।

८. प्रतिष्ठान संगठित संस्था हुने : (१) यस अध्यादेश बमोजिम स्थापित प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि नालिस उजुर लाग्न सक्नेछ ।



228
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. प्रतिष्ठानको काम, कर्तव्य र अधिकार: प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सूचना प्रविधि सम्बन्धी विषयमा उच्च शिक्षाको अध्ययन, अध्यापन तथा तालिम सञ्चालन गर्ने, गराउने,

(ख) सूचना प्रविधि सम्बन्धी विषयमा स्वदेशी तथा विदेशी विद्यार्थीलाई स्नातक, स्नातकोत्तर तथा विद्यावारिधिको उपाधि र प्रमाणपत्र दिने,

(ग) सर्वसाधारणलाई उच्च स्तरीय तथा गुणात्मक सूचना प्रविधि सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने,

(घ) सूचना प्रविधिको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न सो क्षेत्रका वैज्ञानिकलाई प्रोत्साहन गर्ने,

(ङ) उच्चस्तरीय शिक्षण, प्रशिक्षण र तालिमको माध्यमबाट सूचना प्रविधि सम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्ने, गराउने,

(च) सूचना प्रविधि सम्बन्धी विदेशी विश्वविद्यालय तथा शिक्षण संस्थासँग समन्वय कायम गरी काम गर्ने,

(छ) सूचना प्रविधि सम्बन्धी विषयमा जनचेतना जगाउन आवश्यकतानुसार गोष्ठी तथा सम्मेलन आयोजना गर्ने,

(ज) प्रतिष्ठानलाई आर्थिक तथा प्राविधिक रुपमा आत्मनिर्भर तथा सुसज्जित बनाउन वित्तीय सहयोग, ऋृण, अनुदान वा प्राविधिक सहयोग प्राप्त तथा उपयोग गर्ने,

(झ) सूचना प्रविधि सेवामा संलग्न संस्था वा निकायलाई आवश्यकतानुसार प्राविधिक सहयोग प्रदान गर्ने,

(ञ) प्रतिष्ठानको उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति, पदक तथा पुरस्कार प्रदान गर्ने,

(ट) प्रतिष्ठानमा प्रयोग गरिने पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्धारण गर्ने,

(ठ) प्रतिष्ठानको लागि आवश्यक पर्ने कर्मचारी तथा शिक्षक नियुक्ति गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(ड) अध्ययन, अध्यापन, प्रशिक्षण, तालिम तथा अनुसन्धान वापत लाग्ने शुल्क निर्धारण गर्ने,

(ढ) प्रतिष्ठानको लागि आवश्यक भौतिक पूर्वाधारहरु तयार गर्ने,

(ण) प्रतिष्ठानको सम्पत्तिको सुरक्षा गर्ने तथा प्रतिष्ठानको सम्पत्ति आवश्यकतानुसार धितो राखी वा नराखी ऋण प्राप्त गर्ने, लगानी गर्ने र भुक्तानी लिने दिने,

तर प्रतिष्ठानको सम्पत्ति धितो राखी ऋण लिनु पर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(त) प्रतिष्ठानको कार्य सञ्चालन सम्बन्धमा कुनै व्यक्ति, संघ, संस्था वा निकायसँग सम्झौता गर्ने तथा त्यस्तो सम्झौता कार्यान्वयन गर्ने, गराउने,

तर विदेशी व्यक्ति, संघ, संस्था वा निकायसँग सम्झौता गरेमा त्यसको जानकारी श्री ५ को सरकारलाई दिनु पर्नेछ ।

(थ) प्रतिष्ठानको उदेश्य पूर्तिका लागि विभिन्न किसिमका अक्षय कोषको स्थापना र सञ्चालन गर्ने,

(द) प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने, गराउने ।

## परिच्छेद-३

## प्रतिष्ठानको संगठनात्मक संरचना सम्बन्धी व्यवस्था

१०. सभाको गठन: (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक प्रतिष्ठान सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) कुलपति | -अध्यक्ष |
| (ख) सहकुलपति | -सदस्य |
| (ग) उपकुलपति | -सदस्य |
| (घ) अन्य विश्वविद्यालयका उपकुलपतिहरु मध्येबाट एकजना | -सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
२४०

(ङ) सदस्य, राष्ट्रिय योजना आयोग (सूचना प्रविधि हेर्ने) -सदस्य

(च) संस्थापक वा निजको प्रतिनिधि तर संगठित संस्था संस्थापक भएमा त्यस्तो संस्थाले तोकेको तीनजना प्रतिनिधि । -सदस्य

(छ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ज) सचिव, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(झ) सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य

(ञ) सचिव, सूचना तथा संचार मन्त्रालय -सदस्य

(ट) आयोगको अध्यक्ष -सदस्य

(ठ) सूचना प्रविधि उच्चस्तरीय आयोगले तोकेको सो आयोगको एकजना सदस्य -सदस्य

(ड) सूचना प्रविधिको क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरुमध्ये संस्थापकले मनोनीत गरेको दुईजना -सदस्य

(ढ) शिक्षा प्रेमी तथा समाजसेवीहरु मध्येबाट दुइजना -सदस्य

(ण) प्रतिष्ठानका अन्य पदाधिकारीहरु मध्येबाट एकजना -सदस्य

(त) प्रतिष्ठानका शिक्षकहरु मध्येबाट एकजना -सदस्य

(थ) रजिष्ट्रार -सदस्य-सचिव

(३) उपदफा (२) मा अन्यथा लेखिएदेखि बाहेक सभाका मनोनीत सदस्यहरुको मनोनयन गर्नको लागि कुलपतिबाट उपकुलपतिको अध्यक्षतामा तीन सदस्यीय एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले सभाका सदस्यहरुको मनोनयन गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२४१

(४) सभाका मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) कुनै कारणले सभाका मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि उपदफा (३) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

११. <u>सभाको बैठक सम्बन्धी कार्यविधि:</u> (१) सभाको बैठक कम्तिमा छ महिनामा एक पटक बस्नेछ ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनु भन्दा कम्तिमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाका सदस्य-सचिवले सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले, निजको अनुपस्थितिमा सहकुलपतिले र निजको पनि अनुपस्थितिमा उपकुलपतिले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा सभाको बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सभाको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. <u>सभाको काम, कर्तव्य र अधिकार:</u> सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानलाई मार्ग निर्देशन गर्ने,

(ग) प्रतिष्ठानबाट प्रदान गरिने विभिन्न उपाधिहरु निर्धारण गर्ने,



२४२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

(घ) प्रतिष्ठान अन्तर्गतका विभिन्न निकायको शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक नीति निर्धारण गर्ने,

(ङ) प्रतिष्ठानको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(च) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

१३. कार्यकारी परिषद्को गठन: (१) यस अध्यादेशमा अन्यथा लेखिएकोमा बाहेक प्रतिष्ठानको तर्फबाट गरिने सम्पूर्ण काम गर्नको लागि एक कार्यकारी परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) उपकुलपति | -अध्यक्ष |
| (ख) संस्थापक वा निजको प्रतिनिधि | -सदस्य |
| (ग) प्रतिष्ठानका डीनहरु मध्येबाट एकजना | -सदस्य |
| (घ) सभाका सदस्यहरु मध्येबाट एकजना प्राध्यापक समेत रहने गरी तीनजना | -सदस्य |
| (ङ) रजिष्ट्रार | -सदस्य-सचिव |

(३) परिषद्का पदेन सदस्य बाहेक अन्य सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा कुलपतिबाट हुनेछ ।

(४) परिषद्का मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(५) कुनै कारणले परिषद्को मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि उपदफा (३) बमोजिमको प्रकृया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

१४. परिषद्को बैठक सम्बन्धी कार्यविधि : (१) परिषद्को बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४३

(३) परिषद्को बैठक हुनुभन्दा साधारणतया चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सदस्य-सचिवले सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितमा परिषद्का सदस्यले आफूहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा परिषद्को बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको नीति निर्धारण गरी स्वीकृतिको लागि सभा समक्ष पेश गर्ने,

(ख) प्रतिष्ठानको दीर्घकालीन, अल्पकालीन तथा वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन तथा अन्य प्रस्ताव तयार गरी स्वीकृतिको लागि सभा समक्ष पेश गर्ने,

(ग) प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(घ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको चल, अचल सम्पत्ति व्यवस्थापन तथा बेचबिखन गर्ने,

(ङ) प्रतिष्ठानलाई आवश्यक पर्ने विभिन्न सङ्कायको गठन गर्न सभा समक्ष सिफारिस गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गर्ने,

(छ) शिक्षण तथा अनुसन्धानको स्तर निर्धारण गर्ने,

(ज) प्रतिष्ठानबाट सञ्चालित शैक्षिक कार्यक्रम मूल्यांकन गर्ने,

(झ) विभिन्न विश्वविद्यालयहरुसँग प्राज्ञिक प्रवर्द्धनको लागि सम्बन्ध कायम गर्ने,

(ञ) प्रतिष्ठानको नियम बनाई सभा समक्ष पेश गर्ने,

(ट) सभाको निर्णय र निर्देशनको कार्यान्वयन गर्ने, गराउने,

(ठ) सभाद्वारा प्रत्यायोजित तथा निर्देशित अन्य काम गर्ने, गराउने,

(ड) तोकिए बमोजिम अन्य काम गर्ने, गराउने ।

१६. अन्य निकाय गठन गर्न सकिने: (१) प्रतिष्ठानमा तोकिए बमोजिम अन्य निकाय गठन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने निकायको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## पदाधिकारी, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था

१७. कुलपति : (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ ।

(२) कुलपतिले प्रतिष्ठानको दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ ।

(३) कुलपतिलाई प्रतिष्ठानसँग सम्बन्धित जुनसुकै विषयमा निरीक्षण तथा जाँचबुझ गर्ने अधिकार हुनेछ ।

१८. सहकुलपति : (१) शिक्षा तथा खेलकुद मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ ।

(२) कुलपतिको अनुपस्थितिमा सहकुलपतिले प्रतिष्ठानको दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ ।

(३) सहकुलपतिलाई प्रतिष्ठानसँग सम्बन्धित जुनसुकै विषयमा निरीक्षण तथा जाँचबुझ गर्ने अधिकार हुनेछ ।

१९. उपकुलपति : (१) उपकुलपति प्रतिष्ठानको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा संस्थापक र निजले तोकेको सभाको सदस्य समेत रहने गरी तीन सदस्यीय एक समिति गठन हुनेछ ।

(३) उपदफा (२) बमोजिमको समितिले सिफारिस गरेको व्यक्तिलाई कुलपतिले उपकुलपतिको पदमा नियुक्ति गर्नेछ ।

(४) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ ।

(५) उपकुलपतिको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२०. उपकुलपतिको काम, कर्तव्य र अधिकार: उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको काम कारबाही उपर आवश्यक नियन्त्रण, सुपरिवेक्षण र रेखदेख गर्ने,

(ख) सभामा पेश हुने प्रस्ताव तयार गरी पेश गर्ने,

(ग) कुलपति र सहकुलपतिको अनुपस्थितिमा प्रतिष्ठानको दीक्षान्त समारोहमा अध्यक्षता गर्ने,

(घ) प्रतिष्ठानका तर्फबाट विभिन्न निकायसँग वार्ता, सम्झौता वा करार गर्ने,

(ङ) यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी तोकिएको बाहेकका अन्य काम गर्ने,

(च) तोकिए बमोजिम अन्य काम गर्ने, गराउने ।

२१. रजिष्ट्रार : (१) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने प्रशासकीय पदाधिकारी हुनेछ ।

(२) रजिष्ट्रारको नियुक्ति उपकुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ ।

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ ।

(४) प्रतिष्ठानको आर्थिक र कर्मचारी प्रशासन रजिष्ट्रारको रेखदेखमा हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४६

(५) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिकं, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२२. अन्य पदाधिकारी: (१) प्रतिष्ठानमा यस अध्यादेशमा लेखिएदेखि बाहेक तोकिए बमोजिमका अन्य पदाधिकारी रहन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पदाधिकारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२३. शिक्षक तथा कर्मचारीको व्यवस्था: (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरु रहने छन् ।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

२४. पदबाट हटाउन सक्ने : उपकुलपति वा रजिष्ट्रारले आफ्नो पद अनुरुपको काम नगरेमा, निज खराब आचरणमा लागेमा वा निजले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पालन नगरेको भनी सभाको दुई तिहाई बहुमतले सिफारिस गरेमा कुलपतिले उपकुलपति वा रजिष्ट्रारलाई निजको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफू उपर लागेको अभियोगको सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

## परिच्छेद-५
## प्रतिष्ठानको सञ्चालन तथा अन्य व्यवस्था

२५. प्रतिष्ठानको सञ्चालन: प्रतिष्ठानको सञ्चालन यस अध्यादेशमा लेखिएका कुराको अतिरिक्त सभा तथा परिषद्बाट निर्णय भए बमोजिम हुनेछ ।

२६. पाठ्यक्रम सम्बन्धी व्यवस्था: (१) प्रतिष्ठानमा प्रयोग गरिने पाठ्यक्रम प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४८

(२) उपदफा (१) बमोजिम पाठ्यक्रम निर्धारण गर्ने सम्बन्धमा आयोगले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

२७. प्रतिष्ठानमा भर्ना हुन चाहिने योग्यता : प्रतिष्ठानमा भर्ना हुन चाहिने योग्यता प्रतिष्ठानले तोके बमोजिम हुनेछ ।

२८. प्रमाणपत्र वा उपाधि प्रदान गर्ने वा समकक्षता तथा स्तर निर्धारण गर्न सक्ने: (१) उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई प्रतिष्ठानले प्रमाणपत्र वा उपाधि प्रदान गर्न सक्नेछ ।

(२) शैक्षिक तथा प्राज्ञिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका स्वदेशी तथा विदेशी विशिष्ट व्यक्तिलाई प्रतिष्ठानले मानार्थ उपाधि प्रदान गर्न सक्नेछ ।

(३) प्रतिष्ठानले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई प्रतिष्ठानको प्रयोजनको लागि समकक्षता दिन वा प्रतिष्ठानका विभिन्न तहका शैक्षिक उपाधिसँग त्यस्ता उपाधिहरुको समकक्षता तथा स्तर निर्धारण गर्न सक्नेछ ।

२९. सम्बन्धन दिन नपाउने: श्री ५ को सरकारले स्थापना गरेकोमा बाहेक प्रतिष्ठानले कुनै शिक्षण संस्था वा क्याम्पसलाई सम्बन्धन दिन पाउने छैन ।

## परिच्छेद-६

## कोष तथा लेखा परीक्षण

३०. प्रतिष्ठानको कोष: (१) प्रतिष्ठानमा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) संस्थापकद्धारा प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघ, संस्थाबाट चन्दा, दान, दातव्य, आर्थिक सहायता वा ऋण स्वरुप प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट आर्थिक सहयोग वा ऋण स्वरुप प्राप्त रकम,

(घ) प्रतिष्ठानले तोकेको शुल्क वापत प्राप्त रकम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
286
मुद्रण विभाग, सिंहदरबार

(ङ) दफा ५ को उपदफा (१) को खण्ड (च) बमोजिमको रकम,

(च) अन्य श्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले कुनै रकम प्राप्त गर्नु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) प्रतिष्ठानको कोषमा रहेको रकम कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) प्रतिष्ठानबाट हुने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

३१. लेखा परीक्षण : (१) प्रतिष्ठानको आय व्ययको लेखा मान्य लेखा प्रणालीको सिद्धान्तभित्र रही सभाले तोकेको ढाँचामा राख्नु पर्नेछ।

(२) प्रतिष्ठानको लेखा परीक्षण गर्नको लागि मान्यता प्राप्त चार्टड एकाउटेण्टहरु मध्ये सभाद्वारा नियुक्त चार्टड एकाउटेण्टबाट हुनेछ।

## परिच्छेद-७

## विविध

३२. छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने: प्रतिष्ठानले विद्यार्थी भर्ना संख्याको पन्ध्र प्रतिशतमा नघटने गरी गरीब, जेहेन्दार, महिला, दलित तथा जनजातीलाई समेट्ने गरी स्थान आरक्षण राखी विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था गर्नु पर्नेछ।

३३. राष्ट्रिय नीति अनुरुप कार्य गर्नु पर्ने: श्री ५ को सरकारले समय समयमा अवलम्बन गरेका सूचना प्रविधि तथा शिक्षा नीति अनुरुप कार्य गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ।

३४. वार्षिक प्रतिवेदन (१) प्रतिष्ठानले वर्षभरीमा आफूले गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।



२४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले सार्वजनिक रुपमा प्रकाशन गर्न सक्नेछ ।

३५. अधिकार प्रत्यायोजन : (१) सभाले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) परिषद्ले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) पदाधिकारीले यस अध्यादेश बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार मातहतका कुनै पदाधिकारी वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३६. श्री ५ को सरकारले निर्देशन दिन सक्ने : श्री ५ को सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ ।

३७. श्री ५ को सरकारसँग सम्पर्क : प्रतिष्ठानले श्री ५ को सरकारसँग सम्पर्क राख्दा शिक्षा तथा खेलकुद मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३८. विघटन गर्न सक्ने: (१) कुनै कारणले प्रतिष्ठान सञ्चालन हुन नसक्ने देखिएमा सभाको सिफारिसमा श्री ५ को सरकारले प्रतिष्ठानलाई विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन गर्नु अघि प्रतिष्ठान उपर कसैको कुनै किसिमको दावी भए मन्त्रालयमा त्यस्तो दावी पेश गर्न कम्तिमा पैतीस दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रतिष्ठान विघटन भएमा सो प्रतिष्ठानको सम्पत्ति बेच बिखन गरी प्राप्त रकमबाट खामेसम्मको रकमको मात्र दायित्व श्री ५ को सरकारले भुक्तानी गर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिष्ठानको तर्फबाट आर्थिक दायित्व भुक्तान गरेपछि प्रतिष्ठानको नाममा बाँकी रहेको चल अचल सम्पत्ति श्री ५ को सरकारको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

३९. नियम बनाउने अधिकारः यो अध्यादेशको उद्देश्य पूर्ति गर्नको लागि प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ ।

लालमोहर सदर मितिः- २०६२।२।२९।१

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. १०।-

२४९
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।